# <u>मुख्यमन्त्री दलित आयआर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७७</u>

**<u>प्रस्तावना</u>:** आर्थिक, सामाजिक, साँस्कृतिक रुपले पछि परेका कर्णाली प्रदेशका दलितहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि मार्फत उनीहरुको जीविकोपार्जन, आर्थिक उन्नति, सामाजिक प्रतिष्ठा र सम्मान अभिवृद्धि गराउनका लागि **मुख्यमन्त्री दलित आयआर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम**को प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्न आवश्यक भएकोले प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद—१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस कार्यविधिको नाम **"मुख्यमन्त्री दलित आयआर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुदान" भन्नाले अति विपन्न तथा लक्षित वर्गका दलितलाई प्रदान गरिने नगद वा जिन्सी वा सेवा समेतलाई सम्झनु पर्दछ।

(ख) "कार्यक्रम" भन्नाले मुख्यमन्त्री दलित आयआर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम सम्झनुपर्छ।

(ग) "कार्यालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय अन्तर्गत प्रदेशका जिल्लाहरूमा रहेका उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सम्झनु पर्दछ र सो शब्दले उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयलाई समेत जनाउछ ।

(घ) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्दछ।

(ङ) "दलित" भन्नाले नेपाल सरकारले दलित भनि परिभाषित गरेको समुदायका दलितलाई सम्झनु पर्छ।

(च) "लाभग्राही वा लक्षित बर्ग" भन्नाले दलित समुदायलाई सम्झनु पर्दछ ।

(छ) "रोजगार सेवा केन्द्र" भन्नाले स्थानीय तहमा स्थापना भएका रोजगार केन्द्र वा कार्यक्रम अन्तर्गत स्थापित एवम् रोजगारीका विषयमा स्थानीय तहमा काम गर्ने ईकाई सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्दछ।

(झ) "निर्देशक समिति" भन्नाले कर्णाली प्रदेश विशेष कार्यक्रम संञ्चालन तथा ब्यवस्थापन निर्देशिकाको दफा ९ को उपदफा (१) बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ञ) **"संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भइ संचालनमा रहेको गैर सरकारी संघ, संस्था वा सहकारी संस्था सम्झनुपर्दछ।

## परिच्छेद-२
## कार्यक्रमको उद्धेश्य, क्षेत्र तथा सहायता

३. **कार्यक्रमको उदेश्यः** कार्यक्रमको उद्धेश्य देहाय बमोजिम हुनेछः-

(क) दलितको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी शिक्षा, स्वास्थ्य, आयआर्जन र रोजगारी लगायतका क्षेत्रमा पँहुच वृद्धि तथा अवसरहरु सृजना गर्ने।

(ख) दलितहरुको परम्परागत पेशा व्यवसायको आधुनिकीकरण तथा विविधिकरणको माध्यमबाट उनिहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउने।

(ग) सामाजिक, राजनीतिक, आर्थिक सशक्तिकरण गरी जातीय आधारमा दलित माथि हुने विभेदहरुको अन्त्य गर्ने।

४. **कार्यक्रमको क्षेत्रः** कार्यक्रम मुलतः देहायका क्षेत्रमा केन्द्रीत भई कार्यान्वयन गरिनेछः-

(क) उत्पादन एवं आयआर्जनमूलक ।

(ख) परम्परागत पेशा, ब्यवसाय, सीपमा आधारित उद्यम बिकासका लागि दक्षता अभिवृद्धि ।

(ग) लघु तथा घरेलु उद्यम प्रबर्द्धन।

(घ) आय बृद्धिमा सहयोगमुलक।

(ङ) यस कार्यबिधिले तोकेको अन्य क्षेत्रहरु।

५. **कार्यक्रम संचालन तरिकाः** कार्यक्रम संचालन गर्दा निम्न तरिका अवलम्वन गरिनेछः-

(क) **परम्परागत सीप अभिवृद्धि तालिम कार्यक्रमः** परम्परागत रुपमा दलितहरुले गर्दै आएका पेशा, ब्यवसायहरुमा थप दक्षता अभिवृद्धि गरी व्यावसायिक र आधुनिक पेशा बनाउनका लागि दक्षता तथा सीप अधिवृद्धी तालिम सञ्चालन गरी क्षमता विकास गराउने र रोजगारीमा आवद्ध गर्ने।

(ख) **पूर्वाधार निर्माण सहयोग कार्यक्रमः** दलितलाई संगठित गरी सामुहिक आय-आर्जनका क्रियाकलापहरु व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार निर्माणको कार्यमा लागत साझेदारीको आधारमा अनुदान सहयोग गर्ने।

(ग) **अनुदान सहायता कार्यक्रमः** तालिम प्राप्त दलितहरुलाई रोजगारीमा आवद्ध हुनका लागि आवश्यक सामाग्री, उपकरण खरिद तथा उद्योग स्थापनाका लागि व्यावसायिक योजनाका आधारमा लागतको बढीमा ७५ प्रतिशत सम्मको रकम अनुदान सहायताको रुपमा उपलब्ध गराउने ।

(घ) **सचेतना अभिवृद्धि सहयोग कार्यक्रमः** प्रचलित कानून बमोजिम दर्ता भएका तथा दलित सम्वद्ध वा दलित उत्थान सम्बन्धी उद्देश्य भइ सोही क्षेत्रको कार्य अनुभव भएका संघ, संस्था वा कार्यालय मार्फत दलित सचेतना सम्बन्धी रणनीतिक कार्यक्रमहरु संचालन गर्ने ।

६. **कार्यक्रम क्रियाकलापहरुः**

(क) स्थानीय तहको समन्वयमा देहायका शर्तहरुका आधारमा लाभग्राहीको लागि सीप विकास तालिम सञ्चालन गरिनेछः-

१. तालिमको अवधि कार्यक्रमको प्रकृति अनुसार बढिमा ३ महिनाको हुनेछ।

२. स्वरोजगार हुने वा रोजगारीमा आवद्ध हुने बिषयक्षेत्रमा तालिम संचालन गर्नुपर्नेछ ।

(ख) सीप भएका तर व्यवसाय सञ्चालनका लागि पूँजीको अभाव भएका लाभग्राहीको व्यावसायिक योजनाका आधारमा सम्बन्धीत स्थानीय तहमा अभिलेख रहने र दोहोरो नपर्ने सुनिश्चितता सहित

बढिमा लागतको ७५ प्रतिशत वा २ (दुई) लाख मध्ये जुन घटी हुन्छ सो रकम अनुदान सहायता स्वरुप वास्तविक बिल बिजकको आधारमा उपलब्ध गराईनेछ।

(ग) दलितलाई संगठित गरी सामुहिक आय-आर्जनका क्रियाकलापहरु व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक पर्ने उत्पादन पूर्वाधार  निर्माणमा लागत साझेदारीमा आधारित रहेर लागतको बढीमा ५० प्रतिशत सम्म प्रचलित कानुन अनुसार अनुदान सहयोग गरिनेछ ।

(घ) संगठित रुपमा सामुहिक आय-आर्जन तथा उत्पादन पूर्वाधार निर्माणका लागि सहकारी वा अन्य संगठित संरचना स्थापना गरी पूर्वाधार निर्माणको लागत अनुमान र ब्यावसायिक  योजनाका आधारमा बढीमा ५० प्रतिशत सम्मको लागत साझेदारीमा कार्यक्रम संचालन गर्न सकिनेछ।

(ङ) तालिम प्राप्त गरेका वा सीप  भएका दलितहरुलाई रोजगारीमा आवद्ध हुनका लागि आवश्यक सामाग्री, उपकरण खरिद तथा उद्योग स्थापना लगायतका कार्यका लागि लागतको बढीमा ७५ प्रतिशत सम्मको रकम अनुदान सहायताको रुपमा उपलब्ध गराइनेछ ।

(च) प्रचलित कानून बमोजिम दर्ता भएका तथा दलित सम्वद्ध वा दलित उत्थान सम्बन्धी उद्देश्य भइ सोही क्षेत्रको कार्य अनुभव भएका संघ, संस्था मार्फत दलित सचेतना, शसक्तिकरण अभिबृद्धि सम्बन्धी रणनीतिक कार्यक्रमहरु संचालन गर्न सकिनेछ।

(छ) दलित सम्वद्ध नीतिगत, कानुनी, संस्थागत व्यवस्थाहरुको सम्बन्धमा जानकारी गराउने पम्पलेट, होर्डिङ्ग बोर्ड, जिङ्गल लगायतका प्रचार प्रसार सामाग्रीहरुको माध्यमबाट दलित सचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्न सकिनेछ ।

(ज) दलित युवा वर्गलाई सरकारी सेवामा आकर्षण गर्नका लागि लोक सेवा वा अन्य आयोग वा परीक्षा तयारी अध्ययनका लागि छात्रवृत्ती कार्यक्रम वा प्रशिक्षण कक्षाहरु संचालन गर्न सकिनेछ ।

## परिच्छेद-३

## प्रदेश स्तरिय कार्यक्रम निर्देशन तथा संचालक समितिको गठन तथा काम, कर्तब्य र अधिकार

**७. कार्यक्रम निर्देशन तथा संचालक समितिः-**

(१) कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिम कार्यक्रम निर्देशन तथा संचालक समिति रहनेछः-

(क) प्रदेश सभा सदस्य मध्ये दलित समुदायबाट प्रतिनिधित्व गर्ने जेष्ठ सदस्य -संयोजक

(ख) प्रदेश सभा सदस्य मध्ये दलित समुदायबाट प्रतिनिधित्व गर्ने सदस्यहरु -सदस्य

(ग) प्रदेश लेखा निर्यन्त्रक कार्यालयको प्रतिनिधि -सदस्य

(घ) उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको कार्यालय प्रमुख -सदस्य सचिव

(२) समितिले वैठकमा आवश्यक भएमा बढिमा २ जना सम्म विषय विज्ञ वा प्राविधिक वा बिषयगत कार्यालयका प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक समितिको सदस्य सचिव बाट अनुरोध गरी संयोजकले तोकेको मिति' समय र स्थानमा बस्नेछ ।

(४) समितिको बैठकको ब्यवस्थापन सदस्य सचिवले गर्नु पर्नेछ ।

(५) समितिले आफ्नो बैठकको कार्यबिधि आफै व्यवस्थित गर्न सक्नेछ ।

(६) समितिले कुनै एक बिषयलाई बढीमा ३ वैठकमा सम्पन्न गरी खर्च मितव्ययिता कायम गर्नु पर्नेछ।

(७) यस कार्यक्रमका लागि निर्देशक समितिको काम कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ मा उल्लेख भएको निर्देशक समितिलेनै गर्नेछ।

८. <u>**समितिको काम, कर्तव्य र अधिकार:**</u> दफा ७ बमोजिम समितिको प्रचलित कानून अनुसार रहने गरी देहाय बमोजिम काम, कर्तव्य र अधिकार हुनेछः-

(क) संभाबित टोल वा समुदाय पहिचानको आधार वा मापदण्ड निर्धारण गरी उक्त टोल वा समुदाय बाट लाभग्राही पहिचान एवं छनौट गर्ने ।

(ख) लाभग्राही वा लक्षित बर्ग छनौटको आधार वा मापदण्ड निर्धारण गरी कार्यक्रमको लाभग्राही वा लक्षित बर्ग छनौट एवं संख्या निर्धारण गर्ने ।

(ग) कार्यक्रम संचालनको क्षेत्र छनौट गर्ने ।

(घ) प्रचलित कानून बमोजिम कार्यक्रम संचालनको तरिका, प्रकृया सम्बन्धमा निर्णय गर्ने ।

(ङ) कार्यक्रम संचालनको क्रममा आवश्यक पर्ने शर्त वा सम्झौताका शर्तहरु वा सम्झौता फारामहरु निर्धारण गर्ने ।

(च) बिस्तृत कार्यक्रम तर्जुमा गर्ने गराउने ।

(छ) लाभग्राहीहरुबाट प्राप्त प्रस्ताव वा आवेदन वा कागजात वा प्रमाणहरू वा व्यावसायिक योजना वा आर्थिक वा प्राबिधिक प्रस्तावको प्रचलित कानुन बमोजिम बिश्लेषण, मूल्याङ्कन गरी स्वीकृत गर्ने।

(ज) प्राप्त वा स्वीकृत बजेट अनुसार प्रस्ताबित कार्यक्रम तथा क्रिर्याकलाप स्वीकृत गरी कार्यालय मार्फत कार्यान्वयन गराउने ।

(झ) लाभग्राही वा लक्षित बर्ग छनौट लगायत कार्यक्रम संचालनको क्षेत्र, तरिका एवं कार्यान्वयन सम्बन्धमा उत्तरदायित्व बहन गर्ने ।

(ञ) सम्बन्धीत वा सरोकारवाला पक्ष वीचमा समन्वय कायम गर्ने गराउने ।

(ट) कार्यक्रम सम्बन्धमा सार्बजनिक सुनुवाइ, सार्वजनिक लेखापरीक्षण गर्ने गराउने ।

(ठ) कार्यक्रमको अनुगमन तथा मूल्याकंन गर्ने गराउने ।

(ड) समितिबाट तोकिएका कार्यहरु गर्ने गराउने ।

९. **उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयको भूमिका, काम कर्तब्य र अधिकार**ः- कार्यालयको भूमिका, काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) यस कार्यबिधि बमोजिम कार्यक्रम संचालन तथा कार्यान्वयन गर्ने गराउने ।

(ख) कार्यक्रम संचालनमा दफा ७ बमोजिमको समितिको सचिवालयको कार्य गर्ने ।

(ग) दफा ७ बमोजिमको समिति समक्ष कार्यक्रम तथा क्रियाकलापहरु प्रस्ताव गर्ने ।

(घ) कार्यक्रमको प्रभावकारिता कायम गर्न भूमिका तथा जिम्मेवारी निर्वाह गर्ने ।

(ङ) कार्यक्रमसंग सम्बन्धीत सबै अभिलेख चुस्त दुरुस्त राख्ने ।

(च) कार्यक्रमको स्वामित्व लिई निरन्तरता एवं दिगोपनको लागि आवश्यक कार्य गर्ने ।

(छ) प्रचलित कानून अनुसार कार्यक्रम संचालन तथा कार्यान्वयन गर्ने गराउने ।

(ज) सार्वजनिक सुनुवाई वा सार्वजनिक लेखापरीक्षण गर्ने गराउने ।

(झ) कार्यक्रम क्रियाकलाप अनुसार सम्बन्धीत बिषयगत कार्यालयसंग समन्वय सहकार्य गर्ने गराउने।

(ञ) कार्यक्रम संचालन हुने स्थानीय तहसंग प्रभावकारी समन्वय कायम गर्ने ।

(ट) प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्ने गराउने ।

## परिच्छेद-४
## लाभग्राही छनौट तथा कार्यक्रम संचालन प्रक्रिया

१०. **लाभग्राहीको पहिचानः** कार्यक्रमको लागि प्राप्त बजेट सीमा भित्र रही देहायका आधारमा कार्यक्रमको लाभग्राही तथा लक्षित वर्गको पहिचान गरिनेछः-

(क) लाभग्राही सम्बन्धीत स्थानीय तहमा कम्तीमा ६ महिना देखि बसोबास गरिरहेको र व्यवसाय सञ्चालनको लागि आवश्यक सीप भएको तर, पूँजीको अभाव भएका दलित वा संस्थाको हकमा लाभग्राही सम्वद्ध सहकारी वा गैर सरकारी संघ, संस्था भएको सम्बन्धीत स्थानीय तहको सिफारिस।

(ख) दफा ४ बमोजिमका कार्यक्रम संचालनका लागि अनुदान सहयोग संघीय सरकार वा स्थानीय तह वा अन्य कुनै संघसंस्थावाट नलिएको सम्बन्धीत स्थानीय तहको सिफारिस र लाभग्राहीको स्वघोषणा पत्र।

(ग) संस्थाको हकमा विनियम वा विधान।

(घ) कार्यक्रम/व्यवसायको व्यावसायिक योजना सहितको लागत अनुमान।

(ङ) अनुदान सहायताको लागि ब्यवसाय दर्ता, सीप सिकेको प्रमाणपत्र र करचुक्ता प्रमाणपत्र।

(च) लागत अनुमान, ब्यावसायिक योजना र व्यवसाय सम्बन्धी कागजात, सम्बन्धीत स्थानीय तहको सिफारिस समेतको विश्लेषण गरी लाभग्राही छनौट गरिनेछ।

(ढ) जिल्लामा सञ्चालन हुने कार्यक्रमको लागि सम्भावित लाभग्राही आवेदकहरूको सूची, उनीहरुले पेश गरेका कागजात तथा प्रमाणपत्रहरू र व्यावसायिक योजनाको मूल्याङ्कन गर्ने।

(ण) कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार आवश्यक संख्यामा लाभग्राही छनौट गरी कार्यालयलाई कार्यक्रम कार्यान्वयनको लागि सिफारिस गर्ने।

११. **लाभग्राही छनौटका आधारभूत प्रक्रिया तथा आधारहरुः** (१) देहायका आधार तथा प्रकृयामा आधारित भई लाभग्राही छनौट गर्नुपर्नेछः-

(क) कार्यक्रम कर्णाली प्रदेश सरकारले तोकेको स्थानीय तहमा संचालन हुनेछ।

(ख) कार्यालयले कार्यक्रम सञ्चालनको सूचना प्रकाशन गरी कार्यक्रममा सहभागी हुन खुला आह्वान गर्नु पर्नेछ। यस्तो सूचना प्रकाशन गर्दा आवेदन पेश गर्ने समय सीमा र पेश गर्नुपर्ने आवश्यक कागजात/प्रमाणहरूको स्पष्ट जानकारी सहित स्थानीय तहहरुमा समेत पठाउनु पर्नेछ।

(ग) इच्छुक लाभग्राहीले दफा १ (ख) बमोजिम प्रकाशित सूचनाको समय सीमा भित्र अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(घ) स्थानीय तहबाट अतिविपन्न दलित परिवार छनौट गरी कार्यालयमा सिफारिस गर्नु पर्नेछ।

(ङ) सीप विकास तर्फका तालिम प्रशिक्षण कार्यका लागि कार्यालयले प्रचलित खरिद प्रकृया अवलम्बन गर्नु पर्नेछ।

(च) कार्यालयले छनौट भएका लाभग्राहीहरूको सूची र छनौट भएको कार्यक्रम सहायता क्षेत्र स्पष्ट खुलाई सार्वजनिक जानकारीका लागि सूचना प्रकाशन गर्नु पर्नेछ।

(छ) लाभग्राहीको छनौट गर्दा एक घर परिवारले दफा ४ मा उल्लेखित मध्ये एक कार्यक्रम मात्र पाउनेगरी छनौट गर्नु पर्नेछ।

(ज) लाभग्राही छनौट गर्दा विपन्न दलित महिलालाई प्राथमिकता दिनु पर्नेछ।

(झ) सहायता अनुदान कार्यक्रमको लागि व्यवसाय संचालनको सीप भएको प्रमाणपत्र, व्यवसाय दर्ता तथा संचालनको प्रमाणपत्र र व्यावसायिक योजना लगायतका कागजातहरुको अनिवार्य मूल्याङ्कन गर्नु पर्नेछ। व्यावसायिक योजना बनाउन स्थानीय तहहरूले सहयोग गर्नु पर्नेछ।कार्यालयले व्यावसायिक योजनाको नमूना तयारी गरी उपलब्ध गराउन सक्नेछ।

(ञ) परिवारमा कृषि बाहेक अन्य कुनै नियमित रोजगारी नभएको दलित परिवारका अपाङ्ग, किशोरी र बुहारीलाई प्राथमिकता दिनु पर्नेछ।

(ट) बिउपूँजीको रकम लाभग्राहीको बैंक खातामा जम्मा हुने गरी प्रचलित प्रक्रिया पूरा गरी कार्यालयले भुक्तानी दिनु पर्नेछ।

(ठ) उत्पादनमुलक पूर्वाधार निर्माणका लागि उपलब्ध गराईएको अनुदान रकम मध्ये ५० प्रतिशत रकम सम्बन्धीत स्थानीय तहले सहकारी संस्था वा संगठित संरचनामा शेयर खरिदमा लगानी गर्ने र बाँकी ५० प्रतिशत रकम संस्थाको पूर्वाधार निर्माण र व्यावसायिक कार्यमा उपयोग गर्ने गरी उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-५

## कार्यक्रम कार्यान्वयन, बजेट, खर्च व्यवस्थापन तथा अनुगमन मूल्याङ्कन

१२. **कार्यक्रम संचालन तथा कार्यान्वयनः** कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम हुनेछः-

(क) कर्णाली प्रदेशका १० जिल्लामा कार्यक्रम संचालन हुनेछ।

(ख) प्रत्येक जिल्लामा न्यूनतम ५० जना लाभग्राही दफा ७ बमोजिमको समितिबाट छनौट भई कार्यक्रम संचालन हुनेछ ।

(ग) समूहको हकमा प्रत्येक समूहमा कम्तिमा ३० देखि ५० घर परिवार समेटिएको हुनेछ ।

(घ) यस कार्यविधि अनुसार संचालन गरिने कार्यक्रम उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयले कार्यान्वयन गर्नु पर्नेछ ।

(ङ) यस कार्यबिधि अनुसार संचालन हुने कार्यक्रमको लागि बिनियोजित बजेट मुख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यालयले उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयमा पठाउनु पर्नेछ ।

(च) कार्यक्रमको नीतिगत बिषयहरु बाहेक कार्यान्वयन एवं बित्तीय जिम्मेवारी तथा उत्तरदायित्व उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय एवं दफा ७ बमोजिमको समितिको हुनेछ ।

(छ) छनौट भएका लाभग्राही वा लक्षित बर्गहरुको पूर्ववत समूह वा संस्था नभएको अवस्थामा समूह गठन गर्न सकिनेछ ।

(ज) लाभग्राही वा लक्षित वर्गहरुको समूहलाई दिगो एवं आत्मनिर्भर बनाउन उनिहरुको मागका आधारमा दफा ७ बमोजिमको समितिबाट भएको निर्णय अनुसार पूर्ववत दर्ता भई संचालनमा रहेका सहकारीमा आवद्ध गराउने वा उनिहरुको नयां सहकारी दर्ता गर्न कार्यक्रमबाट सहयोग गर्न सकिनेछ ।

१३. **बजेट बांडफांडः** यस कार्यबिधि अनुसार कार्यक्रमका लागि प्रत्येक जिल्लामा प्राप्त भएको कूल बजेटको अधिकतम २ प्रतिशत रकम नियमानुसार संचालन खर्च छुट्याई बाँकी रहेको बजेट रकमलाई शत प्रतिशत मानी देहाय अनुसार खर्च वा परिचालन गर्नु पर्नेछः-

(क) लाभग्राही वा लक्षित बर्ग छनौट गर्ने कृयाकलापका लागि बढीमा ०.५ % (शून्य दशमलव पाँच प्रतिशत) ।

(ख) परम्परागत सीप अभिबृद्धि सम्बन्धी सीपमूलक तालिम तथा क्षमता अभिबृद्धिका कार्यक्रम वा क्रियाकलापका लागि बढीमा २० % (बिस प्रतिशत) ।

(ग) पूर्वाधार निर्माण सहयोग सम्बन्धी कार्यक्रम वा क्रियाकलापका लागि न्यूनतम ४०.०५ % (चालीस दशमलव पांच प्रतिशत) ।

(घ) अनुदान सहायता कार्यक्रम वा क्रिर्याकलापका लागि न्यूनतम ३० % (तीस प्रतिशत) ।

(ङ) सचेतना अभिवृद्धि सहयोग कार्यक्रम वा क्रिर्याकलापका लागि अधिकतम ९ % (नौ प्रतिशत) ।

१४. **बजेट विनियोजनः** यस कार्यक्रमका लागि आवश्यक बजेट मुख्यमन्त्री रोजगार कार्यक्रममा विनियोजित रकमबाट व्यवस्था गरिनेछ । मन्त्रालयले कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट कार्यालयलाई विनियोजन ऐनको परिधिभित्र रहि अख्तियारी/PLMBIS मार्फत उपलब्ध गराउनेछ।

१५. **खर्च व्यवस्थापनः** कार्यक्रमको खर्च व्यवस्थापन देहाय बमोजिम हुनेछ-

१. रकम सम्बन्धीत लाभग्राहीको बैङ्क खाता मार्फत मात्र उपलब्ध गराउनु पर्नेछ।

२. सीपमुलक तालिम प्रशिक्षण कार्यक्रमको भुक्तानी तालिम सञ्चालन तथा अनुगमन प्रतिवेदन पश्चात् मात्र गर्नु पर्नेछ।

३. संघीय तथा प्रदेश कानून, मापदण्डको अधिनमा रही बजेट खर्च गर्नु पर्नेछ।

४. खर्चको पारदर्शिता कायम गर्ने, लेखाङ्कन गर्ने, स्रेस्ता राख्ने लेखा परीक्षण गराउने र प्रतिवेदन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धीत कार्यालय प्रमुखको हुनेछ।

५. कार्यालयले कार्यक्रमको मासिक/चौमासिक/वार्षिक प्रतिवेदन र आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराई सो को प्रतिवेदन मन्त्रालय तथा कार्यालयमा पेश गर्नु पर्नेछ।

१६. **खर्चमा बन्देजः** कार्यक्रम सञ्चालन गर्ने कार्यालय र लाभग्राहीले कार्यक्रम कार्यान्वयनको लागि प्राप्त रकमबाट देहायका खर्च गर्न पाउने छैनः-

(क) यस कार्यक्रम बाहेकको अन्य कुनै क्रियाकलापमा खर्च गर्न,

(ख) कुनै पनि प्रयोजनको आर्थिक सहायता तथा चन्दा प्रदान गर्न, र

(ग) प्रचलित कानून बमोजिम कार्यक्रम संचालन खर्च बाहेक तलब, भत्ता पारिश्रमिक र प्रशासनिक क्रियाकलापमा खर्च गर्न।

**१७. जवाफदेहीता तथा जिम्मेवारीः** (१) अनुदान रकम परिचालनको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम सम्बन्धीत निकायका लेखा उत्तरदायी अधिकारीमा रहनेछ।

(२) कार्यक्रमका लाभग्राही छनौट तथा अनुदान वितरण प्रक्रियाका सम्बन्धमा अनुदान वितरण गर्ने कार्यालयको प्रमुख र अनुदान रकमको नियमानुसार आम्दानी, खर्चका अभिलेख व्यवस्थापनका सम्बन्धमा सम्बन्धीत लाभग्राही संस्था वा व्यक्ति वा उपभोक्ता जिम्मेवार तथा उत्तरदायी हुनेछन्।

(३) अनुदान रकमको दुरूपयोग भएमा त्यसको सम्पूर्ण जिम्मेवारी र जवाफदेहिता सम्बन्धीत लाभग्राहीको हुनेछ।सम्बन्धित लाभग्राहीबाट दुरुपयोग भएको रकम असुल उपर नभएमा दफा १२ बमोजिमको समितिले सामुहिक रुपमा व्यहोर्नु पर्नेछ।

१८. **अनुगमन तथा मूल्याङ्कनः** (१) मुख्यमन्त्री दलित आयआर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम कार्यान्वयनको अनुगमन गर्न देहाय बमोजिमको कार्यक्रम अनुगमन समिति रहनेछः-

(क) जिल्ला समन्वय समितको प्रमुख -संयोजक

(ख) सम्बन्धीत स्थानीय तहको कार्यपालिकाका दलित सदस्य -सदस्य

(ग) उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय/कार्यालयको प्रमुख -सदस्य

(२) कार्यक्रमको अनुगमन मन्त्रालय, कार्यालय, यस कार्यविधि बमोजिमको कार्यक्रम संचालक समिति र सम्बन्धीत सरोकारवालबाट समेत हुन सक्नेछ।

(३) कार्यक्रम अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आफ्नो क्षेत्र भित्र मुख्यमन्त्री दलित आयआर्जन (रोजगारी) प्रबर्द्धन कार्यक्रम कार्यान्वयको सम्बन्धमा देखा परेका विवादहरुको निरुपण गर्ने र निरुपण हुन नसक्ने विवादहरुको सम्बन्धमा समाधानका लागि मन्त्रालयमा लेखी पठाउने।

(ख) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने।

(ग) बिषयगत कार्यालय वा स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहजीकरण गर्ने।

(घ) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा आवधिक समीक्षा गर्ने।

१९. **सार्वजनिक सुनुवाईः** कार्यक्रम सम्पन्न भएपश्चात् कार्यालयले सार्वजनिक सुनुवाई गरी कार्यक्रमको सम्पूर्ण पक्षको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउनु पर्नेछ।

२०. **विशिष्टीकृत कार्यक्रम मानिनेः** यस कार्यविधि बमोजिमको दलित सशक्तिकरण कार्यक्रमलाई मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतकै विशिष्टीकृत कार्यक्रम मानिनेछ ।

## परिच्छेद-६
## विविध

२१. **निर्देशन पालना गर्नु पर्नेः** कार्यक्रम कार्यान्वयनको सिलसिलामा मन्त्रालय, कार्यविधि बमोजिमका समिति तथा कार्यालयले दिएका निर्देशन सम्बन्धीत निकायले पालना गर्नु पर्नेछ।

२२. **विशेष व्यवस्थाः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्राकृतिक विपद् वा महामारी रोगको प्रकोप वा यस्तै विशेष परिस्थितिको सृजना भई समयाभावका कारणले यस कार्यविधि बमोजिमको प्रक्रिया पुऱ्याई कार्यक्रम सञ्चालन गर्न सम्भव नहुने अवस्था भएमा मन्त्रालयले आवश्यक शर्तहरु तोकी यस कार्यविधि बमोजिमका कार्यक्रमहरु सोझै स्थानीय तहले सञ्चालन गर्ने गरी अख्तियारी वा सशर्त अनुदानको रुपमा सम्बन्धीत स्थानीय तहमा रकम पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकम प्राप्त भएको अवस्थामा सम्बन्धीत स्थानीय तहले यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी लाभग्राही छनौट गर्न लाभग्राहीसँग सम्झौता गरी कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

२३. **विवादको समाधानः** कार्यक्रम कार्यान्वयन गर्ने गराउने सिलसिलामा कुनै विवाद उत्पन्न भएमा कार्यक्रम निर्देशन तथा संचालक समिति र जिल्ला समन्वय समितिले आवश्यक सहजिकरण गर्नेछ। यस सम्बन्धी अन्य बिषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

२४. **कारवाही हुनेः** कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा त्यस्ता व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

**२५. अन्य ब्यवस्थाः** यस कार्यबिधि अनुसार कार्यक्रम सम्बन्धमा निर्देशक समितिको कार्य कर्णाली प्रदेश बिशेष कार्यक्रम संचालन तथा ब्यवस्थापन निर्देशिका, २०७७ को दफा ९ बमोजिमको निर्देशक समितिले गर्नेछ र बिशेष कार्यक्रम संचालन सम्बन्धी अन्य ब्यवस्था सोही निर्देशिका एवं प्रचलित कानून बमोजिम हुनेछ ।

२६. **कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि अनुसार हुनेछ र यसमा लेखिएदेखि बाहेकका अनुदान वितरण सम्बन्धी बिषयहरु प्रदेश अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

२७. **बाधा अड्काउ फुकाउनेः** (१)कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ।

(२) यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

२८. **खारेजी र बचाउः** मुख्यमन्त्री दलित महिला आय आर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ खारेज गरिएकोछ र सो कार्यबिधि बमोजिम भए गरेका कार्यहरु यसै कार्यबिधि बमोजिम भएको मानिनेछ।